# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८२।८३

च.नं. :

मिति:२०८३।०२।१९

ने.सं. ११४६

**विषय: नगर गान सम्बन्धी सूचना सच्याइएको सम्बन्धमा।**

प्रस्तुत विषय सम्बन्धमा यस गोदावरी नगरपालिकाको मिति २०८३।०२।१३ गतेको नगर गान तयार गर्ने सम्बन्धी सूचनामा नगर गान पेश गर्ने अन्तिम मिति २०८३।०२।२७ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बधित सबैमा जानकारी गरिन्छ।

...............

धर्मराज बिनाडी

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज विनाडी

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०९१-५०८०००/०९१-५०८००१/०९१-५०८००३

ई-मेलinfo@godawarimunkailali.gov.np

वेबसाइटhttps://godawarimunkailali.gov.np/

"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०८२।८३
च.नं. :

मिति:२०८३।०२।१३
नेपाल सम्वत् ११४६

**गोदावरी नगर गान तयार गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत् विषय सम्बन्धमा गोदावरी नगरपालिका (शिक्षा) को आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा भएको व्यवस्था अनुसार गोदावरी नगर गानका लागि **गोदावरी नगरपालिकाको नगर गान तयार गर्ने सम्बन्धी मापदण्ड, २०८२ मा भएको व्यवस्था बमोजिम मिति २०८३/०२/२२ गते भित्र नगर गान तयार पारी यस नगरपालिकाको इमेल edu.mungodawari@gmail.com मा पठाउन हुन अनुरोध छ। यसरी प्राप्त हुन आएका नगर गानहरु मध्ये छनौटमा परेको उत्कृष्ट नगर गान रचयिताका लागि रु. ७०,०००।- (अक्षेरेपी सत्तरी हजार मात्र) नगद पुरस्कारको व्यवस्था रहेको समेत जानकारीका लागि अनुरोध छ। छनौट सम्बन्धी अन्य व्यवस्था यसै सूचना साथ संलग्न गोदावरी नगरपालिकाको नगर गान तयार गर्ने सम्बन्धी मापदण्ड, २०८२ बमोजिम हुने व्यवस्था समेत अनुरोध छ।**

.....................
धर्मराज बिनाडी
प्रमुख प्रशासकीय अधिकृत

**फोन नं.** ०९१-५०८०००/०९१-५०८००१/०९१-५०८००३
**ई-मेल** info@godawarimunkailali.gov.np
**वेबसाइट** https://godawarimunkailali.gov.np/
-आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी-

# गोदावरी नगरपालिकाको नगर गान तयार गर्ने सम्बन्धी मापदण्ड, २०८२

प्रमाणित

गोदावरी नगरपालिकामा रहेको विविधताको पहिचान झल्काउँदै नगर र राष्ट्रभक्ति झल्काउने गरी नगर गानको तयार गर्न यो मापदण्ड निर्माण गरिएको छ।

धर्मराज विनाडी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाले सदर गरेको दिनदेखि यो मापदण्ड कार्यान्वयनका लागि योग्य मानिने छ।

उपर्युक्त मापदण्ड अनुसार नगर गान निर्माणका लागि निम्न सर्तहरुका आधारमा कूल १०० अंक विभाजन सहितको मुल्याङ्कन मापदण्ड राखिएको छः

**क. अंक विभाजनका आधारहरूः**

१. विषयवस्तुः २० अंक

नगरको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, मौलिक विशिष्टता सहित विविधता झल्काउने विषयवस्तु समावेश गरी विषयवस्तु चयन गरेको हुनुपर्नेछ।

२. भाषा, शब्द र शैलीः २० अंक

नगर गानका लागि चयन गरिएका शब्दहरु सरल,स्पष्ट र सहज रुपमा बुझ्न सकिने गरी शब्द चयन गरिएको सुन्दर र प्रभावकारी साहित्यिक सौन्दर्य सहितको भाषा र शैली हुनु पर्नेछ। नगर गानमा कम्तिमा ४० देखि अधिकतम ६० शब्दहरु हुनु पर्नेछ।

३. संगीत र धुनः २० अंक

शब्दहरुको चयन अनुसारको सांगितिक राष्ट्रभक्ति र नगर प्रेमका लागि उत्साहित गराउने आकर्षक धुन, लय, ताल मिलेको संगीत र धुन चयन गर्नु पर्नेछ।

४. देशभक्ति/ नगरभक्तिः १५ अंक

राष्ट्र प्रेमले भरिएको, देशका लागि गर्व, मान, सान झल्काउने र धुन संगै नागरिकलाई नगरभक्तिका लागि प्रेरित गराउने भाव वोकेको हुनु पर्नेछ।

५. मौलिकताः १५अंक

नगर गान रचनाकार तथा संगीतकारको नगर गानमा स्वसिर्जनात्मकता, समावेशीता सहित नक्कल नगरिएको विशुद्ध नयाँ गीत सहितको मौलिकता झल्किनु पर्नेछ।

६. समावेशीताः १० अंक

नगर भित्रको विविधता माथिको एकता कायम गर्ने गरी वहुजातजाति,भाषा, धर्म, वर्गलाई समावेश गरी सामाजिक सद्भाव र एकतालाई थप मजबुद बनाई समावेशीतालाई अटाउने गरी शब्दभाव चयन गर्नु पर्नेछ।

**ख. मूल्याङ्कन समितिका पदाधिकारीहरुः**

उपर्युक्त अंक विभाजनका आधारहरुलिई प्राप्त हुन आएका नगर गानहरुको मूल्याङ्कन गर्न गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी मूल्याङ्कन समिति रहने छः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| संगीत विधा संग सम्बन्धित व्यक्तिहरु मध्येबाट एक जना | -सदस्य |
| साहित्य/ भाषाविद्/समाजशास्त्री व्यक्तिहरु मध्येबाट एक जना | -सदस्य |
| गोदावरी नगरपालिका सामाजिक विकास समिति संयोजक | -सदस्य |
| शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृतस्तरको कर्मचारी | - सदस्य-सचिव |

समितिको सदस्य छनौट नगर प्रमुखबाट तोकिए बमोजिम हुनेछ।

प्रमाणित
धर्मराज विनाडी
प्रमुख प्रशासकीय अधिकृ

गोदावरी नगरपालिकाले निर्धारित समय सीमा सहित नगर गान निर्माणका लागि सार्बजनिक सूचना प्रकाशन गर्नेछ। यसरी समय सीमा भित्र प्राप्त हुन आएका नगर गानहरुको संगीत सहितको प्रस्तुतिका आधारमा मूल्याङ्कन समितिले अंक प्रदान गर्नेछ। यदि निर्धारित समय सीमा भित्र कुनै पनि निवेदन नपरेमा वा छनौट हुन नसकेमा एक पटकका लागि १५ दिने सूचना थप गरी नगर गान निर्माणका लागि सार्वजिक सूचना आह्वान गर्न सकिनेछ।

निर्धारित समय सीमा भित्र पर्याप्त निवेदनहरु प्राप्त हुन आएमा निवेदकहरुको नगर गीतको मूल्याङ्कनको समय र सिफ्टबारे सहभागीहरुलाई जानकारी गराइनेछ।

मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कनको आधारमा छनौटमा परेको उच्च अंक प्राप्त कर्तालाई नगर गीतको रचनाकारका रुपमा नगद रु. सत्तरी हजार बाट पुरस्कृत गरिनेछ।

**संगीत**

छनौटमा परेको नगर गानमा संगीत भर्नका लागी १५ दिने सार्वजनिक सूचना गरिने छ। संगीत सहितको नगर गानको मूल्याङ्कन गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा तीन सदस्यीय टिम गठन गरिनेछ। संगीत मूल्याङ्कन समितिका सदस्यहरु संगीत विधा अन्तरगतका विज्ञहरुबाट नगर प्रमुखले मनोनित गरेअनुसार हुनेछ। मूल्याङ्कनका लागी निम्न आधारहरु लिइनेछ।

१. स्वर – २० अंक
२. ताल – २० अंक
३. भाव अभिव्यक्ति – २० अंक
४. उच्चारण/ आवाजको गुणस्तर – २० अंक
५. प्रस्तुती शैली – १० अंक
६. श्रोता प्रभाव – १० अंक

**संगीत मूल्याङ्कन समिति**

१. प्रमुख प्रशासकिय अधिकृत - संयोजक
२. संगीत विधा विज्ञ दुई जना - सदस्य

मूल्याङ्कन समितिको मूल्याङ्कनमा उच्च अंक प्राप्त गर्ने संगीतकारलाई असी हजार नगद सहित पुरस्कृत गरिनेछ।

नगर गान छनौटका लागि मूल्याङ्कन समितिका पदाधिकारी तथा अन्य खटिएका कर्मचारीहरुलाई गोदावरी नगरपालिका आर्थिक कार्यविधि अनुसारको पारिश्रमिक र भत्ता उपलब्ध गराइनेछ।

नगर गान सम्बन्धमा अन्य व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भएमा प्रमुख प्रशासकीय अधिकृतको निर्णय बमोजिम हुनेछ।